जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १२ • अंक १८८ • २०८२ बैशाख १६ गते मंगलवार • 29 Apr. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

सूचना
जनकपुरधाममा
घरभन्दा पनि राम्रो
खाना सहितको कक्षा
८ सम्मको व्यवस्थित
होस्टेलको लागि
सम्पर्क
९८१५८३०६०१

## शिक्षकहरु आफ्ना मांगसहित झन्डै एक महिनादेखि प्रदर्शनमा

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १५ बैशाख**

शिक्षकहरु काठमाडौंको सडकमा आफ्ना मागसहित झन्डै एक महिनादेखि प्रदर्शनमा छन् । सरकारको बेवास्ताका कारण उनीहरुको प्रदर्शन कहिलेसम्म चल्ने हो कुनै टुंगो छैन । त्यसैमा केही दिनअघिदेखि चिकित्सकहरुको आन्दोलन पनि थपिएको छ । देशमा शिक्षक र चिकित्सकमात्र हैन विभिन्न संघसंस्था तथा राजनीतिक दलले वैशाख १ गतेदेखि १३ गतेसम्म १६९ ठाउँमा तालाबन्दी, ८१ वटा विरोध ऱ्याली/सभा, ७९ वटा धर्ना, ८ वटा कोण सभा र ४ हडताल गरेको प्रहरी प्रधान कार्यलय नक्सालको तथ्यांकमा छ।

हडताल भने कोशी प्रदेशमा मात्र भएको प्रहरीले बताएको छ। यो अवधिमा ७ वटा सडकमा अवरोध भएका छन् भने ३ वटा सवारी साधन तोडफोड भएका छन् । प्रहरी तथ्यांक अनुसार एक जना प्रहरीसहित ३ जना घाइते भएका छन्। प्रहरीले १३ दिनमा १२ जनालाई पक्राउ गरेर अनुसन्धान गरेको छ। यसका साथै ४ जनाले आफ्नो मागसहित



अनसन बसेका छन् । यी विरोध कार्यक्रममा १४ हजार ८८ सुरक्षाकर्मी खटिएका थिए ।

यसरी हेर्दा नयाँ वर्षको सुरुवातसँगै देशभर आन्दोलनको लहर चलेको देखिन्छ। जसले आम नागरिकको दैनिकीमा प्रत्यक्ष असर गरेको छ। प्रदर्शन र आन्दोलनले ट्राफिक अस्तव्यस्त भएको छ भने यात्रुहरुले समेत सडकमा सास्ती पाएका छन् । आइतबार मात्र शिक्षकहरुको आन्दोलनमा प्रहरी र शिक्षकबीच मुठभेड हुँदा पाँच प्रहरी, एक पत्रकारसहित ६२ शिक्षक घाइते भएका छन् । प्रदेशको कुरा गर्ने हो भने लुम्बिनी प्रदेशमा कुनै पनि प्रकारका विरोध कार्यक्रम भएका छैनन् । वैशाख १३ गतेसम्म सबैभन्दा धेरै विरोध, ऱ्याली, सभा र तालाबन्दी बागमती प्रदेशमा भएको छ । बागमती प्रदेशमा यो समयमा ५१ विरोध ऱ्याली र सभा भए । त्यसमध्ये २८ वटा ऱ्याली काठमाडौं उपत्यकाभित्र भएका हुन्। यस्तै, कोशी र मधेश प्रदेशमा ९/९ वटा विरोध ऱ्याली र सभा भएका थिए। गण्डकी प्रदेशमा ४, कर्णाली प्रदेशमा ६ र सुदूरपश्चिम प्रदेशमा २ वटा विरोध ऱ्याली र सभाका कार्यक्रम भएको प्रहरी प्रधान कार्यलयले जनाएको छ । सुदूरपश्चिम, कर्णाली, गण्डकी, कोशीमा एक/एक ठाउँमा तालाबन्दी हुँदा बागमती प्रदेशभित्र १६५ ठाउँमा तालाबन्दी भएका थिए। त्यसमध्ये पनि १६४ वटा तालाबन्दीको घटना काठमाडौं उपत्यकाभित्रको हो । यो बीचमा १३ वटा कर्णाली प्रदेशमा, ८ वटा गण्डकी प्रदेश, एउटा मधेश प्रदेशमा धर्नाका कार्यक्रम भएका थिए ।

बागमती प्रदेशमा ५७ वटा धर्ना कार्यक्रम भएका थिए। तीमध्ये ५६ वटा धर्ना कार्यक्रम काठमाडौं उपत्यकाभित्र भएका थिए। कोशी प्रदेशमा ३, गण्डकी प्रदेशमा २ कोण सभा हुँदा मधेश, बागमती र सुदूरपश्चिम प्रदेशमा एक/एक कोणसभा भएका थिए। यस्तै, ३ वटा अनसन कोशी प्रदेश र १ अनसन बागमती प्रदेशको काठमाडौंमा बसेको थियो । विरोधका कार्यक्रममा मधेश प्रदेशमा ४, गण्डकी प्रदेशमा एक र कर्णाली प्रदेशमा २ वटा बाटो समेत अवरोध गरिएका थिए । विरोध कार्यक्रममा कोशी प्रदेशमा ३ वटा सवारी साधन तोडफोड भएका थिए ।

नेपाल प्रहरीका प्रवक्ता डीआईजी दिनेश आचार्य यस्ता विरोध कार्यक्रमले प्रहरीको नियमित काममा प्रभाव पर्ने बताउँछन्। 'विरोध कार्यक्रम किन भएका छन् भन्ने कुरा त हामी क्षत्रका कुरा हैन,' आचार्यले भने, 'यसरी हुने कार्यक्रममा प्रहरीको जिम्मेवारी बढ्नेसँगै नियमित काममा असर पार्छ ।'




## 'सङ्घीयतामा पूर्वाधार विकासको महत्व, सम्भावना र चुनौती तथा अन्तरप्रदेशीय एकता र भिन्नता' विषयक दुईदिने कार्यक्रम सुरू



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १५ बैशाख**

सातवटै प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्रीको सहभागितामा महोत्तरीको बर्दिबासमा 'सङ्घीयतामा पूर्वाधार विकासको महत्त्व, सम्भावना र चुनौती तथा अन्तरप्रदेशीय एकता र भिन्नता' विषयक दुईदिने कार्यक्रम सुरू भएको छ।

मधेस प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयको आयोजनामा सुरू भएको यस कार्यक्रममा सातवटै प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्रीहरूले आ-आफ्ना प्रदेशका विकासका अभ्यासहरू, सम्भावना र चुनौतीहरू साटासाट गर्नाका साथै एक प्रदेशले अर्को प्रदेशलाई के-कसरी सहयोग गर्न सकिने भन्ने विषयहरूमा छलफल भइरहेको छ । सरकारका भौतिक पूर्वाधार विकासमन्त्री देवेन्द्र दाहाल, मधेस प्रदेशका सरकारका मुख्यमन्त्री सतिशकुमार सिंह र भौतिक पूर्वाधार विकासमन्त्री सरोजकुमार यादवले संयुक्त रूपमा कार्यक्रमको उद्घाटन गरेका छन् । सातवटै प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिवहरूसमेत उपस्थित भएर आ-आफ्ना प्रदेशमा भौतिक पूर्वाधार विकास मन्त्रालयबाट सञ्चालित योजना तथा कार्यक्रमहरूको दस्तावेज प्रस्तुत गरेका छन्। विभिन्न प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्रीहरूले यस कार्यक्रमले सातवटै प्रदेश सरकारलाई एकापसमा जोड्ने काम गरेको, प्रदेश सरकारलाई बलियो बनाउने प्रयास गरेको तथा एकापसमा भए गरेका कामहरूको अनुभव, चुनौती तथा सम्भावनाहरूलाई साटासाट गरेर आउँदा दिनमा थप प्रभावकारी रूपमा काम गर्ने वातावरण निर्माण गर्ने विश्वास व्यक्त गरेका थिए।






## सुधार गर्दै जानुपर्छ

*नेपालमा छ हजारभन्दा बढी खोला, खोल्सी तथा नदीनाला रहेका छन् । अधिकांश नदीनाला उत्तरी हिमालमा उद्गम भई भिरालो पहाडी खोच हुँदै समथर तराई भूभागतर्फ वार्षिक करिब २२५ क्युबिक मिटर पानी बग्ने गरेकाले जलविद्युत्को अपार सम्भावना रहेको छ । विभिन्न अध्ययन र प्रतिवेदनले फरक फरक क्षमताको सम्भावना देखाए पनि आर्थिक तथा प्राविधिक सम्भाव्यताका दृष्टिकोणले करिब ४२ हजार मेगावाट कुल जडित क्षमता विद्युत् नेपालमा उत्पादन हुन सक्ने आकलन गरिएको छ ।*

*दीर्घकालीन सोच २१०० ले तय गरेको समृद्धि र सुखका मुलभूत तत्वलाई आत्मसात् गर्दै चालु सोह्रौं आवधिक योजनाको सुशासन, सामाजिक न्याय र समृद्धिको सोच राखेको छ । जसमा समृद्धिका लागि उत्पादन, उत्पादकत्व र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने, रोजगारी सिर्जना गर्ने, प्राकृतिक स्रोतको संरक्षण, परिचालन गर्नुका साथै जलविद्युत् उत्पादन गर्दै हरित अर्थतन्त्र प्रवर्धन गर्ने लक्ष्य राखेको छ । जलविद्युत् आर्थिक वृद्धि र रूपान्तरणको एक महत्वपूर्ण साधन हो ।*

*नेपालको विद्युत् विकासको यात्रा फर्पिङ जलविद्युत् आयोजनाको निर्माण विसं १९६८ मा भएपछि वितेको ११४ वर्षमा उत्पादनका लागि सीमित लगानी, प्रविधि, समन्वय तथा क्षमताको कारण हालसम्म करिब ३६०० मेगावाट कुल जडित क्षमतामा मात्र उत्पादन सम्भव भएको हो । सन् २०४५ सम्म शून्य कार्बन उत्सर्जनको लक्ष्य हासिल गर्न तथा कार्बन व्यापारसहित हरित अर्थतन्त्रलाई प्रवर्धन गर्न हरित ऊर्जालाई प्राथमिकतामा राख्दै ऊर्जा विकास मार्गचित्र र कार्ययोजना कार्यान्वयन गर्ने तथा सोही अनुसार कानुनी, नीतिगत, कार्यविधिगत, संरचनात्मक र कार्यान्वयन क्षेत्रमा सुधार गर्दै जानु अपरिहार्य छ ।*

# निजी विद्यालयद्वारा विद्यार्थी भर्ना गराउन आकर्षक सुविधा समेतको प्रचारप्रसार



**जलेश्वरटुडे समाचारदाता**
**सप्तरी, १५ बैशाख**

सप्तरीको विभिन्न स्थानमा रहेका निजी विद्यालयले विद्यार्थी भर्ना गराउन अहिले आकर्षक सुविधा समेतको प्रचारप्रसार गरिरहेका छन् । अभिभावकको मन लोभ्याउन निजी विद्यालयले अडियो, भिडियो, पोस्टर, पम्पलेटका माध्यमबाट प्रचारप्रसारलाई निरन्तरता दिएका हुन् । त्यति मात्र नभई निजी विद्यायलले टोलबस्तीमा पुगेर पनि घरदैलो गरी आआफ्ना विद्यालयमा विद्यार्थी तान्न शुद्ध पिउने पानी, दक्ष शिक्षक र अडियो भिडियोका माध्यमबाट पढाइ, खेल मैदानको व्यवस्था, कम्प्युटर कक्षा र अतिरिक्त क्रियाकलाप जस्ता अनेक मनै लोभ्याउने सुविधाको हवाला दिँदै अभिभावक र विद्यार्थी फकाउनमा तल्लिन देखिन्छन् ।

चैत २० गतेदेखि शिक्षक आन्दोलनमा लाग्दा सरकारी विद्यालयका सम्पूर्ण गतिविधि ठप्प भएकाले पनि शैक्षिक सत्र २०८२ को शुरुवातसँगै बढीभन्दा बढी विद्यार्थी विद्यालयमा तान्ने सजिलो अवसर निजी विद्यालयले पाएका हुन् तर प्रचारप्रसारमा भनिए जस्तो व्यवस्था र सुविधा धेरै जसो निजी विद्यालयले नदिने गरेको अभिभावकको गुनासो छ । सरकारले तोकेको मापदण्ड विपरीत कक्षाकोठामा विद्यार्थी बसाउने गरेको र विभिन्न सुविधा तथा कार्यक्रमका नाममा अभिभावकबाट चर्को शुल्क उठाउने गरेको तथा अनुमतिसमेत नलिएर गाउँटोलमा निजी विद्यालय सञ्चालनमा रहेको उहाँहरूको भनाइ छ ।

राजविराज-७ निवासी रामाकान्त साह अधिकांश निजी तथा आवासीय विद्यालयले प्रत्येक वर्ष पाठ्यपुस्तक परिवर्तन, मनपरी ढङ्गले शुल्कमा वृद्धि र विभिन्न सुविधाका नाममा अभिभावक ठगिने गरेको बताउनुहुन्छ । ह्यापी ल्यान्ड सेकेन्डरी स्कुलमा १० कक्षामा अध्ययनरत छोरीसँग विद्यालयले वार्षिक शुल्क तीन हजार, परीक्षा शुल्क दुई हजार पाँच सय, मासिक शुल्क तीन हजार नौ सय र कम्प्युटर शुल्क ३५० गरी कुल नौ हजार ७५० रुपियाँ लिएको किताबको सूची र शुल्कको विवरण देखाउँदै उहाँले गुनासो गर्नुभयो । शिक्षा नियमावली, २०७७ को नियम ५ मा निजी विद्यालयले एक पटक भर्ना भएका विद्यार्थीलाई अर्को वर्ष भर्ना शुल्क लिन नपाउने व्यवस्था गरेको छ तर वार्षिक शुल्कका नाममा यहाँका अधिकांश विद्यालयले विद्यार्थीसँग भर्ना शुल्क लिइरहेको भए पनि अनुगमन गर्ने निकाय भने मौन रहेको उहाँको भनाइ छ ।

साहले भन्नुभयो, "विद्यालयमा शुद्ध खानेपानी छैन् । मापदण्ड अनुसारको कक्षाकोठा छैन् । चर्को गर्मीमा पनि पङ्खाको व्यवस्था छैन् । कम्प्युटर कक्षाको नाममा शुल्क बुझाए पनि दुई जना ल्याब असिस्टेन्ट र तीन हजार विद्यार्थी छन्, विद्यार्थी कसरी कम्प्युटर सिक्छन् ? अवस्था यस्तो रहे पनि अनुगमन गर्ने निकाय मौन छ ।" यस्तै गुनासो अर्का अभिभावक राजविराज-३ निवासी मो. जाकिर हुसैनको पनि छ ।

भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमिसुधार व्यवस्थापन तथा अभिलेख विभाग
भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा
(भूमिसुधार शाखा)

**प्रथम प्रटक प्रकासित सूचना मिति २०८२।०१।१६ गते**

जिल्ला धनुषाा बेंगाडावर गा.वि.स. वडा नं. ०५ हाल मिथिला नगरपालिका वडा नं. ०९ मा बस्ने वल बहादुर डुम्जन तमागंको नाउँमा दर्ता कायम रहेको तपसिल बमोजिमका जग्गामा ऐ.ऐ.मा बस्ने फौद सिंह तमागं मोही रहेको र निजको नाउँमा मेरो जग्गाधनी प्रमाण पुर्जामा रही रहेकोमा निज मोहीको यस ठाउँमा बसोवास नभएको र निजको शेष पछी हक खाने एकासगोलको श्रीमान्, श्रीमती, बाबु, आमा, छोरा, छोरी, बुहारी, नाती नातीबुहारी, ३५ वर्ष पुगेको अविवाहीता छोरी धर्मपुत्र, दाजु भाईहरु कनूनी हकदार समेत नभएको हुदाँ उक्त जग्गा म जग्गाधनीले आफै जोती कमाई आईरहेको छु । तर उक्त जग्गाको मोही लगतमा फौद सिंह तमागंको नाउँ हाल सम्म यथावत कायम नै रहेको हुदाँ निज मोहीको नाउँ कट्टा गरी जग्गाधनी प्रमाणपुर्जा तथा श्रेस्ताको मोही महलबाट समेत मोहीको नाउँ कट्टा गरिदिन श्री भूमिसुधार तथा मालपोत कार्यालय धनुषाको नाउँमा पत्र लेखि पाउँ भनी जग्गाधनी वल बहादुर डुम्जन तमागंले मिति २०८१।१०।२२ गतेमा दिएको निवेदनमा कारवाही हुदाँ दावी जग्गाका मोही फौद सिंह तमांग वा निजको एकासगोलको माथि उल्लेखित हकदारहरु कोही भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सम्पूर्ण प्रमाणहरु साथ आफै वा वारेश मार्फत लिखित जवाफ सहित हाजिर हुनु भनी सार्वजनिक सूचना प्रकाशित गर्ने भनी मिति २०८२।०१।०८ मा आदेश भएको हुदाँ उक्त आदेश बमोजिम यो सूचना प्रकाशित गरिएको छ । दावी जग्गाबाट मोही फौद सिंह तमागंको नाम कट्टा हुनु नपर्ने कुनै कारण भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफै वा वारेश मार्फत लिखित जवाफ सहित हाजिर हुन आउनुहोला । अन्यथा दावी जग्गाबाट मोहीको नाउँ कट्टा भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपसिल**

| सि.नं. | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | मोहीको नाउँ | जग्गाधनीको नाउँ |
|---|---|---|---|---|---|---|
| १ | बेंगाडावर | ५ ग | ६६ | ०-३-१६ | वल बहादुर डुम्जन तमागं | फौद सिंह तमागं |

### तपाईको टुडे

मेष: मनमा पछुतो आउने
वृष: लामो यात्राको योग छ
मिथून: अनावश्यक चिन्ता
कर्कट: पिछडेको साथी मिल्ने
सिंह: अनावश्यक खर्चको संभावना
कन्या: आम्दानी हुने
तुला: विचार गरेर बोल्नुहोला
वृश्चिक: पढाईमा ध्यान दिनुपर्ने
धनु: खानपानमा समस्या आउने
मकर: अशुभ समाचार प्राप्त हुने
कूम्भ: मित्रतामा फाटो आउने
मीन: शुभ कार्यको शुरुवात

### मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

### आवश्यक टेलिफोन नम्बरहरु

#### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

#### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

### जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

### जानकी मन्दिर



### पुजाआजा



बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# इरानले सिरियाली नेता असदलाई बचाउन विमान पठाएको नेतान्याहूको दाबी

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १५ बैशाख**



गत वर्ष सिरियाली राष्ट्रपति बसर अल असद संकटमा फस्दा उनको उद्धार गर्न इरानले विमान पठाएको दाबी इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले आइतबार गरेका छन्। तर, इजरायली लडाकु विमानहरूले सिरियातर्फ जाँदै गरेका इरानी विमानहरूलाई रोकेकोले इरानले असदलाई सहयोग गर्न सेना पठाउन नसकेको उनले बताए।

छिमेकी लेबनानमा इरान समर्थित हेजबुल्लाह समूहले इजरायलसँगको लडाईंमा ठूलो क्षति बेहोरेपछि एक सम्मेलनलाई सम्बोधन गर्दै नेतान्याहूले आफ्नो कट्टर प्रतिद्वन्द्वी इरानले असदलाई बचाउन चाहेको दाबी गरे। नेतान्याहूले भने, 'इरानले सिरियाली नेतालाई मद्दत गर्न एक वा दुईवटा हवाई डिभिजन पठाउन चाहेको थियो, तर हामीले त्यसलाई रोक्यौँ।' आफुहरुले केही एफ(१६ लडाकु विमानहरू पठाएको अनि यी विमानले दमास्कस जाने इरानी विमानहरूको बाटो छेकेको उनको भनाइ छ। यसका कारण इरानी विमानहरू फर्कनु परेको भनिएको छ। तर, नेतान्याहूले यसबारे धेरै जानकारी दिएनन्। गत वर्षको लडाईंमा, इजरायलले हिजबुल्लाहले प्रयोग गर्ने सयौं पेजर र वाकीटकीहरू विस्फोट गराएको थियो। इजरायलले यो आक्रमण हिज्बुल्लाह नेता हसन नसरल्लाहको हत्या हुनुभन्दा केही दिन अघि गरेको थियो। जनतालाई सम्बोधन गर्दै नेतान्याहूले भने, 'जब इजरायलले यो कुरा थाहा पायो, हिजबुल्लाहलाई शंका लाग्यो।

# अजय देवगनका बुवाले परेश रावललाई किन पिसाब पिउन भने ?

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १५ बैशाख**



घुँडाको चोटबाट चाँडो निको हुन के गर्नुपर्ला ? बलिउड अभिनेता परेश रावलले भने यस्तो सल्लाह पाए, जसले उनी स्वयमलाई चकित तुल्यायो। राजकुमार सन्तोषीको फिल्म 'घातक' छायांकनको बेला रावललाई घुँडामा चोट लागेको थियो।

त्यतिबेला अजय देवगनका बुवा तथा कोरियोग्राफर वीरुले अभिनेता रावललाई चाँडो निको हुनको लागि आफ्नै पिसाब पिउन सल्लाह दिए। चोट लागेपछि अभिनेतालाई टिनु आनन्द र ड्यानी डेन्जोङ्पाले तुरुन्तै नानवती अस्पताल पुऱ्याए र डाक्टरहरूले उनलाई निको हुन लगभग तीन महिना लाग्ने बताए। हालैको एक अन्तर्वार्तामा परेशले यी कुराको खुलासा गरेका छन्। त्यही बेला वीरू देवगन अस्पतालमा अर्को काम गर्दै गर्दा उनलाई भेट्न गए। उनले थाहा पाए कि परेश पनि त्यहीं भर्ना भएका छन्। वीरूले परेशलाई दिनको पहिलो पिसाब पिउन सुझाव दिए ताकि निको हुन सकोस्।

'म नानावती (अस्पताल) मा हुँदा वीरू देवगन भेट्न आएका थिए। जब उनले म त्यहाँ भएको थाहा पाए, उनी मेरो नजिक आएर मलाई के भयो भनेर सोधे।

# आज कति छ विदेशी मुद्राको खरिदविक्री दर ?



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १५ बैशाख**

नेपाल राष्ट्र बैङ्कले सोमबार आजका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ। निर्धारित विनिमयदर अनुसार अमेरिकी डलर एकको खरिददर १३६ रूपैयाँ ४३ पैसा र बिक्रीदर १३७ रूपैयाँ ०३ पैसा कायम भएको छ।

युरोपियन युरो एकको खरिददर १५५ रूपैयाँ ०५ पैसा र बिक्रीदर १५५ रूपैयाँ ७३ पैसा, युके पाउन्ड स्टर्लिङ एकको खरिददर १८१ रूपैयाँ ६६ पैसा र बिक्रीदर १८२ रूपैयाँ ४६ पैसा, स्वीस फ्र्याङ्क एकको खरिददर १६४ रूपैयाँ ८० पैसा र बिक्रीदर १६५ रूपैयाँ ५३ पैसा कायम गरिएको छ। अष्ट्रेलियन डलर एकको खरिददर ८७ रूपैयाँ २६ पैसा र बिक्रीदर ८७ रूपैयाँ ६४ पैसा, क्यानेडियन डलर एकको खरिददर ९८ रूपैयाँ ४६ पैसा र बिक्रीदर ९८ रूपैयाँ ८९ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०३ रूपैयाँ ७३ पैसा र बिक्रीदर १०४ रूपैयाँ १९ पैसा निर्धारण गरिएको नेपाल राष्ट्र बैंकले जनाएको छ। त्यसैगरी केन्द्रीय बैंकले जापानी येन १० को खरिददर नौ रूपैयाँ ४९ पैसा र बिक्रीदर नौ रूपैयाँ ५४ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रूपैयाँ ७२ पैसा र बिक्रीदर १८ रूपैयाँ ८० पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रूपैयाँ ३७ पैसा र बिक्रीदर ३६ रूपैयाँ ५३ पैसा, कतारी रियाल एकको खरिददर ३७ रूपैयाँ ४२ पैसा र बिक्रीदर ३७ रूपैयाँ ५९ पैसा तोकेको छ। केन्द्रीय बैङ्कका अनुसार थाई भाट एकको खरिददर चार रूपैयाँ ०७ पैसा र बिक्रीदर चार रूपैयाँ ०८ पैसा, युएई दिराम एकको खरिददर ३७ रूपैयाँ १४ पैसा र बिक्रीदर ३७ रूपैयाँ ३१ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रूपैयाँ १९ पैसा र बिक्रीदर ३१ रूपैयाँ ३३ पैसा निर्धारण भएको छ। यसैगरी, साउथ कोरियन वन १०० को खरिददर नौ रूपैयाँ ४९ पैसा र बिक्रीदर नौ रूपैयाँ ५३ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १४ रूपैयाँ ०९ पैसा र बिक्रीदर १४ रूपैयाँ १५ पैसा र डेनिस क्रोनर एकको खरिददर २० रूपैयाँ ७७ पैसा र बिक्रीदर २० रूपैयाँ ८६ पैसा तोकिएको छ।

# बैंगलुरू शीर्ष स्थानमा, मुम्बई तेस्रोमा उक्लियो, लखनऊको प्लेअफ यात्रा कठिन, यस्तो छ समीकरण

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १५ बैशाख**



इन्डियन प्रिमियर लिग (आईपीएल) २०२५ को लिग चरणका ४६ खेल सकिएको छ। आइतबार भएका दुई खेलको नतिजाले अङ्क तालिकामा ठूलो परिवर्तन आएको छ। पहिलो खेलमा मुम्बई इन्डियन्सले लखनऊ सुपर जायन्ट्सलाई ५४ रनले पराजित गऱ्यो भने रातिको खेलमा रोयल च्यालेन्जर्स बैंगलुरूले दिल्ली क्यापिटल्सलाई ६ विकेटले हरायो।

यी नतिजापछि बैंगलुरू अङ्क तालिकाको शीर्ष स्थानमा र मुम्बई तेस्रो स्थानमा उक्लिएको छ। अङ्क तालिकाको वर्तमान अवस्था: रोयल च्यालेन्जर्स बैंगलुरू: १० खेल, ७ जित, ३ हार, १४ अङ्क (पहिलो स्थान) गुजरात टाइटन्स: ८ खेल, ६ जित, २ हार, १२ अङ्क (दोस्रो स्थान) मुम्बई इन्डियन्स: १० खेल, ६ जित, ४ हार, १२ अङ्क (तेस्रो स्थान) दिल्ली क्यापिटल्स: ९ खेल, ६ जित, ३ हार, १२ अङ्क (चौथो स्थान) पञ्जाब किंग्स: ९ खेल, ५ जित, ३ हार, १ बराबरी, ११ अङ्क (पाँचौं स्थान) लखनऊ सुपर जायंट्स: १० खेल, ५ जित, ५ हार, १० अङ्क (छैटौं स्थान) कोलकाता नाइट राइडर्स: ९ खेल, ३ जित, ५ हार, १ बराबरी, ७ अङ्क (सातौं स्थान) सनराइजर्स हैदराबाद: ९ खेल, ३ जित, ६ हार, ६ अङ्क (आठौं स्थान) राजस्थान रोयल्स: ९ खेल, २ जित, ७ हार, ४ अङ्क (नवौं स्थान) चेन्नई सुपर किंग्स: ९ खेल, २ जित, ७ हार, ४ अङ्क (दसौं स्थान) मुम्बईसँगको हारपछि लखनऊ सुपर जायंट्सको प्लेअफ यात्रा कठिन बनेको छ। १० खेलमा ५ जित र ५ हार बेहोरेको लखनऊ १० अङ्कका साथ छैटौं स्थानमा छ। प्लेअफमा पुग्नका लागि उसले बाँकी चारवटै खेल जित्नुपर्ने हुन्छ। मुम्बई इन्डियन्सले १० खेलमा ६ जित निकालेको छ र १२ अङ्कका साथ तेस्रो स्थानमा छ। प्लेअफमा स्थान बनाउन मुम्बईलाई बाँकी ४ खेलमध्ये ३ खेल जिते पुग्नेछ। दिल्ली क्यापिटल्सले ९ खेलमा ६ जित हात पारेको छ र १२ अङ्कका साथ चौथो स्थानमा छ। प्लेअफमा पुग्नका लागि दिल्लीलाई बाँकी ५ खेलमध्ये ३ खेल जित्नुपर्नेछ। रोयल च्यालेन्जर्स बैंगलुरू १० खेलमा ७ जितसहित १४ अङ्कका साथ शीर्ष स्थानमा छ। बैंगलुरूलाई प्लेअफमा पुग्न अब बाँकी ४ खेलमध्ये २ खेल मात्र जिते पुग्छ।






# राजनीतिमा ईश्वर र सेवक



-केशव दाहाल

राजनीतिक-सामाजिक अभियान र लेखनमा सक्रिय छन्। राजनीतिक विश्लेषक र साहित्यकार दाहालको उपन्यास मोक्षभूमिले पद्मश्री साहित्य पुरस्कार पाएको थियो। राजनीतिमा भगवान् खोज्नु भनेको प्रश्न, आलोचना र संसारिक अपेक्षाबाट नेतालाई पर राख्नु हो, यसरी न त लोकतान्त्रिक पार्टी बन्छ, न त राज्यको लोकतन्त्रीकरण हुन्छ, जगजाहेर छ, राजनीतिमा ईश्वर र सेवकहरूको अवतार हुनु लोकतन्त्रकै सर्वाधिक निर्लज्ज अवस्था हो । स्वघोषित भगवान्हरू आफूमा दिव्य शक्ति निहित छ भन्ने भ्रममा त छैनन् ? स्वयंमा दिव्य शक्ति निहित छ भन्ने भ्रमले आत्ममुग्ध हुनुजति अलोकतान्त्रिक, अमानवीय र पत्रु कुरा अरू के हुन्छ ? हिँड्दा नयाँ ठाउँ मात्र हेरिँदैन, थाकका थाक रमाइला कुरा सुन्न र कथा बुन्न पनि पाइन्छ ।

डुलिबस्दा कहिलेकाहीँ यति रोचक मान्छेहरू भेटिन्छन् कि उनीहरूको कुरा टपक्क टिप्न र अरूलाई सुनाउन मन लाग्छ । यस पटक चैत अन्तिम साता एक जना त्यस्तै व्यक्तिसँग तेह्रथुम, वसन्तपुरमा भेट भयो । हेंवापारि पाँचखपन चुङ्गुरुङका ती व्यक्तिसँग कुरा गर्नलाई अनेक किस्सा थिए । असममा कुयर खेती गर्दाका किस्सा । मेघालयतिर गहिरा सुरुङमा पसेर कोइला निकालेका किस्सा । कुद्दै गरेको रेलबाट हामफालेका किस्सा । ब्रह्मपुत्रमा पौडी खेलेका किस्सा । नागाहिलतिर लाप्पा खेल्दाका किस्सा, गारुवालतिर मीत लगाएका किस्सा । अचेल उनी आफ्नै गाउँ फर्किएका छन् । वसन्तपुरको एक चिया पसलमा भेटिएका उनले राजनीतिको प्रसंग निकाल्दै भने- 'हाम्रा नेता त सबका सब ईश्वर जस्ता पो भइगए भाइ ।

धूप, धुवाँर र आरती नगरी कामै नबन्ने ।' रमाइलो परामा उनले थपे- 'पहिले उताबाट गाउँ फर्किएपछि राजनीति गरौं कि जस्तो लागेको थियो । तर यसो हेरी नियाल्दा, जब नेताहरू मठाधीशजस्ता र कार्यकर्ताहरू उनका सेवकजस्ता देखिए, मैले राजनीति गर्ने मनसुवा त्यागिदिएँ र अलैंचीको व्यापार पो थालें । एकबारको जुनीमा राजनीति नै गरेपछि के तेल मालिसको राजनीति गर्नु, हैन त भाइ ?' उनले साधारण भाषामा गम्भीर प्रश्न गरे । रमाइलो भाकामा बोल्ने ती मनुवाले जे भने, त्यो समकालीन नेपाली राजनीतिको सटीक शब्दचित्र थियो । यो सत्य हो कि, आजकल हाम्रा पार्टीहरू धार्मिक मण्डलीजस्ता देखिन्छन् । नेता मठाधीश बनेका छन् । र, कार्यकर्ता बनेका छन् धर्मान्ध चरणदास । कांग्रेस, एमाले र माओवादीको त कुरै छाडौं, नयाँ र सुसंस्कृत (?) भनिएको रास्वपामा पनि त्यही हालत छ । एक जना भगवान्, बाँकी सबका सब भक्त । भगवान्को खेती पार्टीहरूमा मात्र छैन, स्वतन्त्र भनिएका बालेन शाहदेखि हर्क साम्पाङसम्म त्यस्तै छ । सबैका आ-आफ्नै भक्त छन् । र, सबै भक्तका आ-आफ्नै मठमन्दिर छन् । अर्थात्, सबैले आफ्नो अन्धास्थाको सिंहासनमा एक जना 'प्रभु' विराजमान गराएका छन् । प्रभु अर्थात् ख्वामित । ख्वामित अर्थात् मालिक । सबैका आफ्नै दरबार छन् । सबैका आफ्नै आँगन, दलान र गजुर छन् ।

सबैका आफ्नै स्तुतिगान छन् । र, सेवकहरू हरदम आफ्नो भगवान्को सेवामा तल्लीन रहन्छन् । त्यहाँ कुनै प्रश्न छैन, कुनै आलोचना छैन । न राजनीति छ, न परिवर्तनको विमर्श र विचार । छन् त फगत भगवान्का पाउ र पाउमा समर्पित सेवकहरू । जसलाई लाग्छ, संसारकै सबैभन्दा ज्ञानी, उसका भगवान् । सबैभन्दा जान्ने, उसका ख्वामित । सबैभन्दा दूरदर्शी, उसका नाथ । राम्रा पनि उनै, बलशाली पनि उनै । कसैले भगवान्माथि थोरै प्रश्न गऱ्यो भने सेवकहरू जंगिन्छन् पाँच हात उफ्रिएर । त्यसपछि छुट्छ सुनिनसक्नु गालीको पर्रा । कसैले भगवान्को ज्ञानमाथि प्रश्न गर्न हुँदैन । कसैले प्रभुको चरित्रमाथि संशय गर्न हुँदैन । सेवकका लागि भगवान् नै अन्तिम सत्य हुन्, बाँकी सत्य थाहा छैन । सेवकका लागि भगवान्ले देखाएको तथ्य नै अन्तिम तथ्य हो, बाँकी तथ्य थाहा छैन । सेवकलाई अरू कोही मन पर्दैन, मात्र मनपर्छ आफ्नै मालिक । सेवकलाई मालिकको पाउपोस मनपर्छ । सिंहासन मनपर्छ । र, बेहिसाब मनपर्छ उनको मुस्कान र हेराइ । र, ऊ तिनै ख्वामितको पूजा, आरती र भजनमा मग्न हुन्छ । अर्थात्, नेपाली राजनीतिमा अहिले पार्टीहरू छैनन्, मठ मण्डली छन् । नेता छैनन्, मठाधीश छन् । र, कार्यकर्ता छैनन्, छन् फगत सेवकहरू । हाम्रो राजनीतिमा अहिले या त भगवान्को पूजा, आरती बिक्छ, या त बिक्छ आरोप, गाली र श्राप । यसरी हेर्दा, नेपाली राजनीतिमा अहिले राजनीति छैन, बाँकी सबैथोक छ । विचार छैन, सनक छ । एजेन्डा छैनन्, सत्ता छ । पार्टी छैन, मठ छ । आन्दोलन छैन, अराजकता छ । विनयशीलता छैन, अहंकार छ । नेता छैनन्, भगवान् छन् । कार्यकर्ता छैनन्, सेवक छन् । संवाद छैन, हल्ला छ । सम्बोधन छैन, फगत गाली छ । र, सबैभन्दा धेरै खडेरी परेको छ, विवेकशील कार्यकर्ताको । यस्तो यसकारण भइरहेको छ कि आम रूपमा नेपाली राजनीतिमा अहिले मान्छे छैनन् । यो प्रसंगलाई खास सन्दर्भमा बुझिने नै छ भन्ने अपेक्षाका साथ यति भन्छु कि, या त यहाँ छन् सिंहासनमा विराजमान ख्वामित, या त छन् तिनका अन्धभक्त सेवकहरू । यहाँ मान्छेको अर्थ हो, ज्ञान, विवेक, सत्व र स्वतन्त्रता भएको विवेकशील मान्छे । अर्थात्, लौकिक मान्छे ।

यस्तो मान्छे, जो चमत्कारमा भन्दा कर्ममा विश्वास गर्छ । यस्तो मान्छे, जोसँग दुःख र सुखहरू साथसाथै छन् । यस्तो मान्छे, जोसँग सद्गुण पनि छन् र कमजोरीहरू पनि छन् । यस्तो मान्छे जो आलोचनालाई स्वीकार गर्छ र स्याबासीमा मुस्कुराउँछ । किनभने मान्छे अलौकिक हुँदैन, सांसारिक हुन्छ । यो मान्छेको स्वाभाविक र प्राकृतिक चरित्र हो । यहाँ विवेकशील मान्छे यसकारण भनिएको हो कि, उसले जीवनको गहिरो अर्थ बोध गर्छ, सोच्छ, कल्पना गर्छ र अगाडि बढ्छ । ऊ राम्रो र नराम्रो छुट्याउँछ ।

साभार : कान्तिपुर ।





अनुरोधकर्ता
कमला नगरपालिका
धनुषा, मधेश प्रदेश




पत्रिका/पेपर

कम्प्यूटराईज गराउन सम्झनुहोस।



सम्पर्क -: दिलीप कुमार साह :-

मो.नं.-९८४४०५१४८७, ९७०९०५७०६१ (जनकपुरधाम)

एकचोटी सेवाको मौका अवश्य दिनुहोला








लक्ष्मीनियां गाउंपालिका
गाउं कार्यपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश नेपाल



प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम

प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७

Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday